नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**तराई-मधेश समृद्धि कार्यक्रम**
केन्द्रीय समन्वय इकाई
सिंहदरबार, काठमाडौं

प.स:२०७७/०७८
च.नः 28

मिति :-२०७७/०८/०४

श्री गाउँपालिका र नगरपालिका (तराई-मधेश समृद्धि कार्यक्रम लागु भएका सबै) ।

**विषय :- तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा मिति २०७७/८/३ मा माननीय मन्त्रीस्तरीय निर्णय अनुसार "तराई-मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि, २०७५" खारेज भई तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७७" स्वीकृत भएको छ । तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत संचालन हुने कार्यक्रम/आयोजना सोहि बमोजिम संचालन गर्न/गराउन निर्णयानुसार अनुरोध छ ।

०८।०४
श्रवण कुमार लुईटेल
शाखा अधिकृत

बोधार्थः
श्री सूचना तथा प्रविधि शाखा,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय :
मन्त्रालयको वेबसाइटमा तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका, २०७७ अपलोड गरिदिहुन।

# तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७

निर्देशिका स्वीकृती मितिः २०७७/../...

**प्रस्तावना** : तराई-मधेशका मानव विकास सुचकाङ्कमा तुलनात्मक रूपमा पछाडि परेका स्थानीय तहमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रूपान्तरण गर्न एवं जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन तराई-मधेश समृद्धि कार्यक्रम मार्फत आवश्यक विकास कार्यक्रम तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

सुशासन (व्यबस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट "तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" लागू गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिका को नाम "तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुदान" भन्नाले यस कार्यक्रम मार्फत् उपलब्ध हुने सशर्त अनुदान सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना सम्झनु पर्छ।

(ग) "आयोजना छनौट समिति" भन्नाले दफा १६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले यस कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरू सम्मिलित भई आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्न गठन भएको समिति सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" भन्नाले तराई मधेश समृद्धि कार्यक्रम सम्झनु पर्छ र यसलाई अंग्रेजीमा "Terai-Madesh Prosperity Programme" (TMPP) भनिनेछ।

(च) "केन्द्रीय समन्वय इकाई" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत रहने गरी दफा १८ बमोजिम गठन भएको इकाई सम्झनु पर्छ।

(छ) "गैह्र सरकारी संस्था" भन्नाले संस्था दर्ता ऐन, २०३४ तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भएका सोही प्रकृतिका संस्था सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(झ) "सामुदायिक संस्था" भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले कानून बमोजिम स्थापना भएका संस्था सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले अनुसूची-१ मा उल्लिखित गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

३. **निर्देशिकाका मुख्य उद्देश्यहरू** : यस निर्देशिकाको मुख्य उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

(क) तराई मधेशका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान गर्ने।

(ख) कार्यक्रम सञ्चालन हुने भौगोलिक क्षेत्र किटान गर्ने।

(ग) आयोजना तर्जुमा र प्राथमिकीकरणलाई सुनिश्चित गर्ने।

(घ) बजेट निकासा र खर्चलाई पारदर्शी तथा बस्तुनिष्ठ बनाउने।

(ङ) स्थानीय तहलाई उपलब्ध गराइने स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्ने।

(च) आयोजना तर्जुमा र व्यवस्थापनलाई सरल, पारदर्शी र व्यवस्थित गरी आयोजना कार्यान्वनयलाई प्रभावकारी तथा उत्तरदायी बनाउने।

(छ) अनुदान उपलब्ध गराउने आधार र प्रक्रिया स्पष्ट पार्ने।

(ज) उपलब्ध स्रोतबाट अधिकतम लाभ हासिल गरी सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने।

(झ) पहिचान भएका वर्ग, समुदाय र क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याई गरिवी न्यूनिकरणमा प्रत्यक्ष टेवा पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्ने।

(ञ) कार्यक्रम कार्यान्वयनमा तादात्म्यता तथा एकरूपता कायम गर्ने।

## परिच्छेद - २

## कार्य सञ्चालन गर्ने क्षेत्र र बजेटको व्यवस्था

४. **कार्यक्रमको कार्यक्षेत्र** : मानव विकासको सूचकाङ्क न्यून तथा गरिबीको समग्र दर र गहनता उच्च रहेका अनुसूची-१ मा उल्लेख भए बमोजिमका तराई-मधेसका जिल्लाका छनौट भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ।

५. **लागत साझेदारी** : (१) आयोजना सञ्चालन गर्नका लागि कार्यक्रमको तर्फबाट अधिकतम नब्बे प्रतिशत र स्थानीय तहबाट न्यूनतम दश प्रतिशत लागत सहभागिता रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा (२) को खण्ड (ख) बमोजिमका आयोजनाको हकमा स्थानीय तहको लागत सहभागिताको अंश न्यूनतम तीस प्रतिशत हुनेछ ।

(३) यस निर्देशिका वमोजिम आयोजना छनौट गर्दा बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनालाई विशेष प्राथामिकता दिन सकिनेछ ।

तर स्रोत अभावका कारणले लागत साझेदारी गर्न नसक्ने स्थानीय तहको हकमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(४) उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा स्वीकृत बजेटको कम्तीमा दश प्रतिशत रकम उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

६. **अनुदान उपलब्ध गराउने आधारहरू** : (१) कार्यक्रम लागू भएका स्थानीय तहलाई स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आवश्यकता र औचित्यताको आधारमा प्रति आयोजना न्यूनतम रु पच्चीस लाखदेखि अधिकतम दुई करोडसम्म अनुदान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा (२) को खण्ड (झ) बमोजिमका आयोजनाको हकमा न्यूनतम दुई लाखदेखि अधिकतम दश लाखसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) कुनै स्थानीय तहमा विशेष प्रकृतिका आयोजना सञ्चालन गर्नुपर्ने अवस्थामा सम्वन्धित स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सुचकाङ्क, मानव गरिबी सूचकाङ्क तथा आर्थिक सामाजिक रूपले पछाडि परेका वर्ग र समुदायको आवश्यकतालाई समेत आधार मानी मन्त्रालयले अनुदान सीमा वृद्धि गर्न सक्नेछ ।

(४) कार्यक्रम अन्तरगत सञ्चालन हुने आयोजनाहरु आवश्यकता अनुसार बहुवर्षीय रुपमा पनि सञ्चालन गर्न सकिनेछ । यसरी बहुवर्षीय रुपमा आयोजना सञ्चालन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(५) केन्द्रीय समन्वय इकाईले स्थानीय तहलाई अनुदान स्वरुप उपलब्ध गराउने बजेट सीमा स्थानीय तहले सभामा बजेट पेश गर्नु अघि वा पछि पनि उपलब्ध गराउन सकिनेछ ।

(६) स्थानीय तहले उपदफा (५) बमोजिम प्राप्त बजेट सीमाको आधारमा यस निर्देशिका बमोजिम लागत सझेदारीका लागि आवश्यक बजेट व्यवस्था गर्नु पर्नेछ । यसरी लागत साझेदारीका लागि बजेट व्यबस्था नगरेको अवस्थामा अनुदान उपलब्ध गराउने वा नगराउने सम्वन्धमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(७) यस निर्देशिका बमोजिम तोकिएको समयभित्र आयोजना प्रस्ताव पेश नगर्ने स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराईने छैन ।

७. <u>कार्यक्रम सञ्चालनका क्षेत्रहरू</u> : (१) भौतिक पूर्वाधार विकास निर्माण मार्फत सार्वजनिक सेवामा पहुँच वृद्धि गर्ने तथा आर्थिक समाजिक रूपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार ल्याउने आयोजना सञ्चालन गर्नका लागि यस निर्देशिका बमोजिमको अनुदान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको अनुदान स्थानीय तहले देहायका क्षेत्रका आयोजना सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछ :

(क) <u>सामूहिक आवास भवन</u> : आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न परिवारका लागि आवासको व्यबस्था गर्न देहायका आधारमा सम्बन्धित स्थानीय तहले लाभग्राही छनौट गरी आयोजना सञ्चालन गरिनेछ :

अ) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएको प्रमाण । वा

आ) जग्गाधनी प्रमाण पूर्जा वा घरजग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु विगतदेखि सो स्थानमा बसोवास गरी आएको भन्ने स्थानीय तहले गरिदिएको प्रमाणित । वा

इ) विजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको कागज । वा

ई) लाभग्राही बसोवास गर्दै आएको घरको भौतिक अवस्था ।

यस आयोजनाका लागि लाभग्राहीको छनौट, कार्यक्रम कार्यान्वयन स्थल निर्धारण, लागत सहभागिता, निर्माण कार्यको व्यबस्थापन, आवास भवनको उपयोग र वेचबिखन आदि व्यबस्था नेपाल सरकार मन्त्रिपरिषदले मिति २०७५/०९/०९ मा स्वीकृत गरेको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७५मा भएको व्यबस्थालाई आधार मानी स्थानीय तहले व्यवस्था गरे बमोजिम हुनेछ ।

(ख) <u>साना सडक स्तरोन्नति</u> : स्थानीय तहका भित्री ग्रामिण बस्तीहरु, गाउँपालिका वा नगरपालिकाको केन्द्रबाट वडा जोड्ने, एउटा वडाबाट अर्को वडा जोड्ने र एउटा गाउँबाट अर्को गाउँ जोड्ने स-साना सडक आयोजना । तर, सडकको नयाँ ट्रयाक खोल्न, माटोजन्य कार्य वा ग्राभेलका लागि मात्र यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन ।

(ग) <u>सामुदायिक पूर्वाधार</u> : सामुदायिक भवन, विद्यालय भवन निर्माण, प्रसुति सेवा केन्द्र (Birthing Center), बाल विकास केन्द्र भवन, सामुदायिक तालिम केन्द्र निर्माण ।

(घ) <u>कृषि विकास</u> : खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कृषि उपजको संकलन तथा बिक्री केन्द्र, हाटबजार केन्द्र निर्माण, डेरी उद्यम सञ्चालन र व्यवस्थापन आदि ।

(ङ) खानेपानी तथा सरसफाई : धारा, पोखरी, इनार, ट्यूबवेल जडान, ढल, सार्वजनिक शौचालय तथा ट्याङ्की निर्माण, पाइपलाइन जडान ।

(च) सिँचाइ तथा नदी नियन्त्रण : उत्पादनमूलक सिँचाइको निर्माण (सौर्य सिँचाइ प्रणाली समेत) तथा नदी नियन्त्रण आदि ।

(छ) उर्जा : ग्रामीण विद्युतीकरण तथा वैकल्पिक उर्जा सम्बन्धी पूर्वाधार निर्माण ।

(ज) विपद् जोखिम न्यूनीकरण पूर्वाधार : पोखरी तथा जलाशय, महामारीजन्य रोगको उपचार र निदान सम्बन्धी पूर्वाधार निर्माण ।

(झ) पारम्पारिक पेशा प्रवर्द्धन एंव आय आर्जन तथा जीवनस्तर सुधार : आर्थिक, सामाजिक रुपले पछाडि परेका अति विपन्न अनुसुचि-२ मा तोकिएका जात/जातिहरुका लागि सीपमूलक तालिम तथा आय आर्जन कार्यक्रम । स्थानीय तहले यस्तो कार्यक्रम प्रस्ताव पेश गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) द्वारा मान्यता प्राप्त संस्था मार्फत वा सो संस्थाबाट तालिम प्राप्त प्रशिक्षक वा परम्परागत सीपमा पारङ्गत दक्ष व्यक्ति मार्फत स्थानीय तह आफैले तालिम सञ्चालन गर्ने व्यबस्था मिलाउनु पर्नेछ ।

(३) स्थानीय तहले यस कार्यक्रम अन्तरगत आयोजना प्रस्ताव पेश गर्दा अन्य निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## आयोजना छनौट, सञ्चालन तथा व्यवस्थापन

८. **आयोजना छनौट** : (१) स्थानीय तहले यस निर्देशिका बमोजिम प्रस्तावित आयोजना अनुसूची-३ को ढाँचामा कार्यक्रम समन्वय इकाईमा पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएका आयोजना र निर्वाचित जनप्रतिनिधिहरूको भावनाको समेत प्रतिनिधित्व हुने गरी आवश्यक राय, सुझाव तथा सल्लाहका आधारमा केन्द्रीय निर्देशक समितिले आयोजना स्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना माग गर्दा आफै वा उपभोक्ता समितिको लागत साझेदारीमध्ये कुन विधिवाट आयोजना सञ्चालन गर्ने हो खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आयोजना प्रस्ताव पेश गर्दा देहायका विवरणहरु समेत खुलाई पेश गर्नु पर्नेछ :

(क) आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याई ।

(ख) आयोजनाको संभाव्यता अध्ययन (फिजिबिलिटी स्टडी) प्रतिवेदन ।

(ग) आयोजनाको कुल लागत र समय ।

(घ) आयोजनाको डईङ्ग, डिजाइन, स्पेसीफीकेसन सहितको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा कार्यक्रमको विस्तृत विवरण ।

(ङ) एक आर्थिक वर्षभन्दा वदी अवधिको आयोजना भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम र स्थानीय तहबाट व्यहोरीने रकमको विवरण ।

(च) आयोजनाको कुल लागतमध्ये अनुदान र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र श्रोतको विवरण ।

(छ) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण ।

(४) उपदफा (१) बमोजिम माग वा सिफारिश भई आएका आयोजनाहरू मध्येबाट आयोजना छनौट समितिले आयोजना वा कार्यक्रम छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात स्थानीय तहमा अनुदान उपलब्ध गराई कार्यान्वयन गरिनेछ ।

(५) यस निर्देशिका बमोजिम आयोजना छनौट गर्दा अघिल्लो आर्थिक बर्षको आयोजना कार्यान्वयनको अवस्था, बजेट खर्चको अवस्था र त्यसबाट लाभान्वित समुदाय वा वर्गमा परेको प्रभाव समेतलाई आधार लिन सकिनेछ ।

(६) आयोजना छनौट गर्दा अधिकतम लागत मूल्यका दीर्घकालीन प्रभाव पर्ने र स्थानीय तहको अधिकतम लागत सहभागिताको सुनिश्चितता भएका आयोजनालाई प्राथमिकता दिइनेछ ।

(७) दुई वा सोभन्दा बढी स्थानीय तहका सिमानासँग जोडिएका आयोजनाको छनौट, कार्यान्वन तथा व्यवस्थापन केन्द्रीय निर्देशक समितिको निर्णयानुसार हुनेछ ।

९. **आयोजना सञ्चालन तथा व्यवस्थापन प्रक्रिया :** आयोजना कार्यान्वयन तथा व्यवस्थापन गर्दा देहाय बमोजिम गरिनेछ :

(क) कार्यक्रम लागु हुने स्थानीय तहले प्रत्येक वर्ष माघ मसान्तसम्म यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने सम्भावित आयोजनाको प्रस्ताव केन्द्रीय समन्वय इकाईमा पेश गर्ने ।

(ख) आयोजना छनौट समितिले स्थानीय तह वा जनप्रतिनिधिबाट माग वा सिफारिस भई आएका आयोजना चैत्र महिनाभित्र छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात सोको विवरण स्थानीय तहमा उपलब्ध गराउने ।

(ग) छनौट भएका आयोजनाहरू सम्बन्धित स्थानीय तहको सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(घ) स्थानीय तहले आयोजना छनौट तथा माग प्रस्ताव गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(ङ) स्वीकृत भएका आयोजना स्थानीय तहले मंसिर मसान्तसम्म पनि कार्यान्वयनको कुनै प्रक्रिया शुरु नगरेको अवस्थामा मन्त्रालयले त्यस्ता आयोजनाहरुलाई खारेज गरी अन्य स्थानीय तहमा माग भएका आयोजनाहरु मध्येबाट स्वीकृत गरी बजेट विनियोजन गर्न सक्नेछ ।

१०. **आयोजनाको अनुगमन तथा मुल्याङ्कन** : यस निर्देशिका बमोजिम सञ्चालन हुने आयोजनाको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछ:-

(क) स्थानीय तहको अनुगमन समितिले आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

(ख) स्थानीय तहले यो निर्देशिका बमोजिम सञ्चालित कार्यक्रमको मासिक, चौमासिक र बार्षिक प्रगति प्रतिवेदन अनुसूची-४ बमोजिम केन्द्रीय समन्वय इकाईमा नियमित रूपमा पठाउनु पर्नेछ ।

(ग) केन्द्रीय समन्वय ईकाइले यस निर्देशिका अनुरूप कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गर्नेछ ।

## परिच्छेद - ४

## आर्थिक व्यवस्थापन

११. **वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापन** : (१) कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनेछ ।

(२) स्थानीय तहले आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम खर्च व्यवस्थापन गर्नु पर्नेछ ।

(३) बजेट निकासा गर्दा कार्य सम्पादनको आधारमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानीय तहको सञ्चित कोषमा बढीमा तीन किस्तामा निकासा दिने व्यवस्था गरिनेछ ।

(४) स्थानीय तहले प्रचलित कानून बमोजिम छुट्टै खर्च खाता मार्फत कार्यक्रमको लेखाङ्कन गर्ने, खर्चको लेखा राख्ने, कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **कन्टिन्जेन्सी रकम** : (१) आयोजना कार्यान्वयनका आधारमा भुक्तानी हुने कुल लागतको बढीमा दुई प्रतिशतले हुन आउने रकम आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहले कन्टिन्जेन्सी बापत छुट्याउन सक्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी रकम आयोजना सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन लगायतका व्यवस्थापकीय प्रयोजनका लागि मात्र खर्च गर्न सक्नेछ ।

१३. **खर्चमा बन्देज** : कार्यक्रम अन्तर्गत स्थानीय तहलाई प्राप्त हुने अनुदान रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा स्वीकृत रकम खर्च गर्न पाइने छैन :-

(क) कुनै पनि प्रकारको तलब भत्ता एवं कर्मचारी एवं राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्चहरु ।

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च ।

(ग) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू ।

(घ) राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, संघसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न ।

(ङ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न ।

(च) स्थानीय तहको सभाबाट स्वीकृत नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न ।

## परिच्छेद - ५

## विविध

१४. **केन्द्रीय निर्देशक समिति** : (१) कार्यक्रमको उद्देश्य बमोजिम प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन र आवश्यक समन्वय गर्न गराउन देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहनेछ :

(क) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - संयोजक

(ख) . सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा विकास सहायता समन्वय महाशाखा) - सदस्य

(घ) महानिर्देशक, स्थानीय पूर्वाधार विभाग - सदस्य

(ङ) कार्यक्रम निर्देशक, तराई-मधेश समृद्धि कार्यक्रम -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार विषयगत मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१५. **<u>केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>** : केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोजना छनौट समितिबाट छनौट भएका आयोजनालाई स्वीकृति दिने ।

(ख) कार्यक्रमको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

(ग) कार्यक्रमको उद्देश्यहरू परिपूर्तिका लागि आवश्यक पर्ने स्रोतहरूको आँकलन तथा व्यवस्थापन गर्ने ।

(घ) कार्यक्रमको लागि केन्द्रीय तहबाट गर्नुपर्ने समन्वय तथा कार्यान्वयनमा एकरूपता एवं सहजीकरण गर्ने ।

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरू बीच आवश्यक समन्वय गर्ने गराउने ।

(च) कार्यक्रमको अनुगमन प्रतिवेदन र समीक्षाको आधारमा सुधार गर्न आवश्यक सुझाव दिने ।

१६. **<u>आयोजना छनौट समिति</u>** : (१) स्थानीय तहबाट माग भई आएका आयोजना छनौट गर्नका लागि देहाय बमोजिमको एक आयोजना छनौट समिति रहनेछ :

(क) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(योजना तथा विकास सहायता समन्वय महाशाखा) - संयोजक

(ख) उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २ जना - सदस्य

(ग) सि.डि.ई, स्थानीय पूर्वाधार व्यवस्थापन विभाग - सदस्य

(घ) कार्यक्रम निर्देशक, तराई-मधेश समृद्धि कार्यक्रम - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१७. **आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार** : आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय तहबाट माग भई आएका आयोजनाहरूको विवरण तयार गर्ने ।

(ख) माग भई आएका आयोजनाहरू मध्येबाट निर्देशिका मा व्यवस्था भए बमोजिम आयोजना छनौट गर्ने ।

(ग) आयोजना छनौट गर्दा दीगो विकास लक्ष्य प्राप्तीसंग सम्वन्धित गरिबी, समावेशिता, पिछडिएको क्षेत्र, जलवायु परिवर्तनका असर न्यूनिकरण जस्ता विषयलाई प्राथामिकता दिने ।

(घ) स्थानीय तहबाट माग भई आएका आयोजनाहरूको आवश्यकतानुसार स्थलगत रूपमा निरीक्षण तथा रुजु गर्ने ।

(ङ) स्थानीय तहबाट माग भई आएका आयोजनाहरू दफा ६ मा तोकिएको मापदण्डका आधारमा छनौट गरी केन्द्रीय निर्देशक समितिमा स्वीकृतिको लागि पेश गर्ने ।

१८. **केन्द्रीय समन्वय इकाई** : (१) कार्यक्रम समन्वय तथा सहजीकरण गर्न मन्त्रालयमा तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई रहनेछ। सो इकाईको बजेट, जनशक्ति तथा अन्य व्यवस्थापकीय पक्षहरू मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाईको प्रमुखको रूपमा एक कार्यक्रम-निर्देशक रहनेछ ।

(३) मन्त्रालयले तोकेको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत कार्यक्रम निर्देशक हुनेछ ।

१९. **केन्द्रीय समन्वय इकाईको काम, कर्तब्य र अधिकार** : केन्द्रीय समन्वय इकाईले देहाय बमोजिमका कार्यहरू समन्वयात्मक, नतिजामूखी र समयवद्ध रूपमा कार्यान्वयन गर्ने गराउनेछ :-

(क) कार्यक्रम सम्बन्धी वार्षिक बजेट तथा आयोजनाहरू तयार गर्ने ।

(ख) स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण गर्ने गराउने ।

(ग) केन्द्रीय निर्देशक समिति र आयोजना छनौट समितिको सचिवालयको समेत कार्य गर्ने ।

(घ) प्रशासनिक तथा व्यवस्थापकीय सहयोगका लागि कर्मचारी व्यवस्थापन गर्ने ।

(ङ) सम्बन्धित स्थानीय तहहरूबाट कार्यक्रमको प्रतिवेदन लिई एकीकृत प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने ।

(च) आवश्यकता अनुसार कार्यक्रमबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरूको अनुगमन, निरीक्षण एवं सुझाव दिने ।

(छ) कार्यक्रमसँग सम्बन्धित विषयमा स्थानीय तहसँग समन्वय एवं सहजीकरण गर्ने ।

(ज) कार्यक्रमको नियमित अनुगमन, निरिक्षण गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(झ) कार्यक्रम कार्यान्वयनबाट प्राप्त पृष्ठपोषणका आधारमा प्रगति समीक्षा गर्ने र सुधारका लागि पेश गर्ने ।

(ञ) कार्यक्रमको आर्थिक प्रशासन सम्बन्धी विवरण तथा छुट्टै जिन्सी अभिलेखहरू राख्ने ।

(ट) कार्यक्रमलाई प्राप्त सम्पूर्ण श्रोत र साधनहरूको समूचित उपयोग हुने गरी नियन्त्रण सुनिश्चित गर्ने ।

(ठ) कार्यक्रम सञ्चालन तथा प्रगतिको आधारमा जनशक्ति विकासका लागि स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई आवश्यक तालिम, गोष्ठी सञ्चालन गर्ने गराउने ।

(ड) यस निर्देशिका बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(ढ) केन्द्रीय समन्वय इकाई मातहतका प्राविधिक कर्मचारीलाई आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्ने ।

२०. **बाधा अड्काउ फुकाउ** : यो निर्देशिका कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा मन्त्रालयले यस निर्देशिकामा आवश्यकता अनुसार व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. **खारेजी र बचाउ** : (१) तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम भए गरिएका कार्य यसै निर्देशिका बमोजिम भए गरिएको मानिनेछ ।

## अनुसूची-१

### (निर्देशिकाको दफा-२ को खण्ड (क) संग सम्बन्धित)

## “तराई-मधेश समृद्धि कार्यक्रम” लागू हुने स्थानीय तहहरू

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | **इलाम** | ६ | चुलाचुलि गाउँपालिका | ६ | ६ |
| २ | **झापा** | १५ | मेचीनगर नगरपालिका | १५ | १५ |
| | | | दमक नगरपालिका | १० | |
| | | | कन्काई नगरपालिका | ९ | |
| | | | भद्रपुर नगरपालिका | १० | |
| | | | अर्जुनधारा नगरपालिका | ११ | |
| | | | शिवसताक्षी नगरपालिका | ११ | |
| | | | गौरादह नगरपालिका | ९ | |
| | | | विर्तामोड नगरपालिका | १० | |
| | | | कमल गाउँपालिका | ७ | |
| | | | गौरीगञ्ज गाउँपालिका | ६ | |
| | | | बाह्रदशी गाँउपालिका | ७ | |
| | | | झापा गाउँपालिका | ७ | |
| | | | बुद्धशान्ति गाउँपालिका | ७ | |
| | | | हल्दीबारी गाउँपालिका | ५ | |
| | | | कचनकवल गाउँपालिका | ७ | |
| ३ | **मोरङ** | १७ | विराटनगर महानगरपालिका | १९ | १७ |
| | | | बेलबारी नगरपालिका | ११ | |
| | | | लेटाङ्ग नगरपालिका | ९ | |
| | | | पथरी शनिस्चरे नगरपालिका | १० | |
| | | | रंगेली नगरपालिका | ९ | |
| | | | रतुवामाई नगरपालिका | १० | |
| | | | सुनवर्षी नगरपालिका | ९ | |
| | | | उर्लाबारी नगरपालिका | ९ | |
| | | | सुन्दरहरैचा नगरपालिका | १२ | |
| | | | बुढीगंगा गाउँपालिका | ७ | |
| | | | धनपालथान गाउँपालिका | ७ | |
| | | | ग्रामथान गाउँपालिका | ७ | |
| | | | जहदा गाउँपालिका | ७ | |
| | | | कानेपोखरी गाउँपालिका | ७ | |
| | | | कटहरी गाउँपालिका | ७ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/ नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | केराबारी गाउँपालिका | १० | |
| | | | मिक्लाजुङ गाउँपालिका | ९ | |
| ४ | सुनसरी | १२ | इटहरी उप-महानगरपालिका | २० | |
| | | | धरान उप-महानगरपालिका | २० | |
| | | | इनरुवा नगरपालिका | १० | |
| | | | दुहवी नगरपालिका | १२ | |
| | | | रामधुनी नगरपालिका | ९ | |
| | | | बराह नगरपालिका | ११ | |
| | | | देवानगञ्ज गाउँपालिका | ७ | १२ |
| | | | कोशी गाउँपालिका | ८ | |
| | | | गढी गाउँपालिका | ६ | |
| | | | बर्जु गाउँपालिका | ६ | |
| | | | भोक्राहा गाउँपालिका | ८ | |
| | | | हरिनगर गाउँपालिका | ७ | |
| ५ | सप्तरी | १८ | राजविराज नगरपालिका | १६ | |
| | | | कञ्चनरूप नगपालिका | १२ | |
| | | | डाक्नेश्वरी नगरपालिका | १० | |
| | | | बोदेबरसाईन नगरपालिका | १० | |
| | | | खड्क नगरपालिका | ११ | |
| | | | शम्भुनाथ नगरपालिका | १२ | |
| | | | सुरुङ्गा नगरपालिका | ११ | |
| | | | हनुमाननगर कङ्कालीनी नगरपालिका | १४ | |
| | | | सप्तकोशी नगरपालिका | ११ | |
| | | | अग्नीसाइर कृष्णासवरन गाउँपालिका | ६ | १८ |
| | | | छिन्नमस्ता गाउँपालिका | ७ | |
| | | | महादेव गाउँपालिका | ६ | |
| | | | तिरहुत गाउँपालिका | ५ | |
| | | | तिलाठी कोईलाडी गाउँपालिका | ८ | |
| | | | रूपनी गाउँपालिका | ६ | |
| | | | बेल्ही चपेना गाउँपालिका | ६ | |
| | | | विष्णुपुर गाउँपालिका | ४ | |
| | | | बलान-विहुल गाउँपालिका | ६ | |
| ६ | सिराहा | १७ | लहान नगरपालिका | २४ | |
| | | | धनगढीमाई नगरपालिका | १४ | १७ |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | सिरहा नगरपालिका | २२ | |
| | | | गोलबजार नगरपालिका | १३ | |
| | | | मिर्चैया नगरपालिका | १२ | |
| | | | कल्याणपुर नगरपालिका | १२ | |
| | | | कर्जन्हा गाउँपालिका | ११ | |
| | | | सुखीपुर नगरपालिका | १० | |
| | | | भगवानपुर गाउँपालिका | ५ | |
| | | | औरही गाउँपालिका | ५ | |
| | | | विष्णुपुर गाउँपालिका | ५ | |
| | | | बरियारपट्टी गाउँपालिका | ५ | |
| | | | लक्ष्मीपुर पतारी गाउँपालिका | ६ | |
| | | | नरहा गाउँपालिका | ५ | |
| | | | सखुवानन्कारकट्टी गाउँपालिका | ५ | |
| | | | अर्नमा गाउँपालिका | ५ | |
| | | | नवराजपुर गाउँपालिका | ५ | |
| ७ | धनुषा | १८ | जनकपुरधाम उप-महानगरपालिका | २५ | |
| | | | क्षीरेश्वरनाथ नगरपालिका | १० | |
| | | | गणेशमान चारनाथ नगरपालिका | ११ | |
| | | | धनुषाधाम नगरपालिका | ९ | |
| | | | कमला नगरपालिका | ९ | |
| | | | नगराइन नगरपालिका | ९ | |
| | | | विदेह नगरपालिका | ९ | |
| | | | मिथिला नगरपालिका | ११ | |
| | | | मिथिलाविहारी नगरपालिका | १० | १८ |
| | | | शहीदनगर नगरपालिका | ९ | |
| | | | सवैला नगरपालिका | १३ | |
| | | | हंसपुर नगरपालिका | ९ | |
| | | | औरही गाउँपालिका | ६ | |
| | | | जनकनन्दिनी गाउँपालिका | ६ | |
| | | | बटेश्वर गाउँपालिका | ५ | |
| | | | मुखियापट्टी मुसहरमिया गाउँपालिका | ६ | |
| | | | लक्ष्मीनिया गाउँपालिका | ७ | |
| | | | धनौजीगाउँपालिका | ५ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| ८ | **महोत्तरी** | १५ | जलेश्वर नगरपालिका | १२ | १५ |
| | | | बर्दिबास नगरपालिका | १४ | |
| | | | गौशाला नगरपालिका | १२ | |
| | | | बलवा नगरपालिका | ११ | |
| | | | लोहरपट्टी नगरपालिका | ९ | |
| | | | मनरा सिसवा नगरपालिका | १० | |
| | | | रामगोपालपुर नगरपालिका | ९ | |
| | | | औरही नगरपालिका | ९ | |
| | | | भँगाहा नगरपालिका | ९ | |
| | | | मटिहानी नगरपालिका | ९ | |
| | | | सोनमा गाउँपालिका | ८ | |
| | | | सम्सी गाउँपालिका | ७ | |
| | | | महोत्तरी गाउँपालिका | ६ | |
| | | | पिपरा गाउँपालिका | ७ | |
| | | | एकडारा गाउँपालिका | ६ | |
| ९ | **सर्लाही** | २० | ईश्वरपुर नगरपालिका | १५ | २० |
| | | | मलङ्गवा नगरपालिका | १२ | |
| | | | लालवन्दी नगरपालिका | १७ | |
| | | | हरिपुर नगरपालिका | ९ | |
| | | | हरिपुर्वा नगरपालिका | ९ | |
| | | | हरिवन नगरपालिका | ११ | |
| | | | बरहथवा नगरपालिका | १८ | |
| | | | बलरा नगरपालिका | ११ | |
| | | | गोडैटा नगरपालिका | १२ | |
| | | | बाग्मती नगरपालिका | १२ | |
| | | | कविलासी नगरपालिका | १० | |
| | | | चक्रघट्टा गाउँपालिका | ९ | |
| | | | चन्द्रनगर गाउँपालिका | ७ | |
| | | | धनकौल गाउँपालिका | ७ | |
| | | | ब्रह्मपुरी गाउँपालिका | ७ | |
| | | | रामनगर गाउँपालिका | ७ | |
| | | | विष्णु गाउँपालिका | ८ | |
| | | | बसबरीया गाउँपालिका | ६ | |
| | | | कौडेना गाउँपालिका | ७ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | प[illegible] गाउँपालिका | ६ | |
| १० | रौतहट | १८ | चन्द्रपुर नगरपालिका | १० | १८ |
| | | | गरुडा नगरपालिका | ९ | |
| | | | गौर नगरपालिका | ९ | |
| | | | बौधीमाई नगरपालिका | ९ | |
| | | | वृन्द्रावन नगरपालिका | ९ | |
| | | | देवाइ गोनाही नगरपालिका | ९ | |
| | | | गढीमाई नगरपालिका | ९ | |
| | | | गुजरा नगरपालिका | ९ | |
| | | | कटहरीया नगरपालिका | ९ | |
| | | | माधवनारायण नगरपालिका | ९ | |
| | | | मौलापुर नगरपालिका | ९ | |
| | | | फतुवा विजयपुर नगरपालिका | ११ | |
| | | | ईशनाथ नगरपालिका | ९ | |
| | | | परोहा नगरपालिका | ९ | |
| | | | राजपुर नगरपालिका | ९ | |
| | | | राजदेवी नगरपालिका | ९ | |
| | | | यमुनामाई गाउँपालिका | ५ | |
| | | | दुर्गाभगवती गाउँपालिका | ५ | |
| ११ | बारा | १६ | कलैया उप-महानगरपालिका | २७ | १६ |
| | | | जीतपुर सिमरा उप-महानगरपालिका | २४ | |
| | | | कोल्हवी नगरपालिका | ११ | |
| | | | निजगढ नगरपालिका | १३ | |
| | | | महागढीमाई नगरपालिका | ११ | |
| | | | सिम्रौनगढ नगरपालिका | ११ | |
| | | | पचरौता नगरपालिका | ९ | |
| | | | परवानीपुर गाउँपालिका | ५ | |
| | | | प्रसौनी गाउँपालिका | ७ | |
| | | | फेटा गाउँपालिका | ७ | |
| | | | आदर्श कोटवाल गाउँपालिका | ८ | |
| | | | करैयामाई गाउँपालिका | ८ | |
| | | | देवताल गाउँपालिका | ७ | |
| | | | बारागढी गाउँपालिका | ६ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | सुवर्ण गाउँपालिका | ८ | |
| | | | विश्रामपुर गाउँपालिका | ५ | |
| १२ | पर्सा | १४ | वीरगंज महानगरपालिका | ३२ | १४ |
| | | | पोखरिया नगरपालिका | १० | |
| | | | बहुदुरमाई नगरपालिका | ९ | |
| | | | पर्सागढी नगरपालिका | ९ | |
| | | | ठोरी गाउँपालिका | ५ | |
| | | | जगरनाथपुर गाउँपालिका | ६ | |
| | | | धोविनी गाउँपालिका | ५ | |
| | | | छिपहरमाई गाउँपालिका | ५ | |
| | | | पकाहा मैनपुर गाउँपालिका | ५ | |
| | | | बिन्दबासिनी गाउँपालिका | ५ | |
| | | | सखुवा प्रसौनी गाउँपालिका | ६ | |
| | | | पटेर्वा सुगौली गाउँपालिका | ५ | |
| | | | कालिकामाई गाउँपालिका | ५ | |
| | | | जिराभवानी गाउँपालिका | ५ | |
| १३ | चितवन | ७ | भरतपुर महानगरपालिका | २९ | ७ |
| | | | कालिका नगरपालिका | ११ | |
| | | | खैरहनी नगरपालिका | १३ | |
| | | | माडी नगरपालिका | ९ | |
| | | | रत्ननगर नगरपालिका | १६ | |
| | | | राप्ती नगरपालिका | १३ | |
| | | | ईच्छाकामना गाउँपालिका | ७ | |
| १४ | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | ८ | कावासोती नगरपालिका | १७ | ८ |
| | | | गैडाकोट नगपालिका | १८ | |
| | | | देवचुली नगरपालिका | १७ | |
| | | | मध्यविन्दु नगरपालिका | १५ | |
| | | | बुङ्दीकाली गाउँपालिका | ६ | |
| | | | बुलिङटार गाउँपालिका | ६ | |
| | | | बिनयी त्रिबेणी गाउँपालिका | ७ | |
| | | | हुप्सेकोट गाउँपालिका | ६ | |
| १५ | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | ७ | बर्दघाट नगरपालिका | १६ | ७ |
| | | | रामग्राम नगरपालिका | १८ | |
| | | | सुनवल नगरपालिका | १३ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | सुस्ता गाउँपालिका | ५ | |
| | | | पाल्हीनन्दन गाउँपालिका | ६ | |
| | | | प्रतापपुर गाउँपालिका | ९ | |
| | | | सरावल गाउँपालिका | ७ | |
| १६ | रूपन्देही | १६ | बुटवल उप-महानगरपालिका | १९ | १६ |
| | | | देवदह नगरपालिका | १२ | |
| | | | लुम्बिनी साँस्कृतिक नगरपालिका | १३ | |
| | | | सैनामैना नगरपालिका | ११ | |
| | | | सिद्धार्थनगर नगरपालिका | १३ | |
| | | | तिलोत्तमा नगरपालिका | १७ | |
| | | | गैडहवा गाउँपालिका | ९ | |
| | | | कन्चन गाउँपालिका | ५ | |
| | | | कोटहीमाई गाउँपालिका | ७ | |
| | | | मर्चवारी गाउँपालिका | ७ | |
| | | | मायादेवी गाउँपालिका | ८ | |
| | | | ओमसतिया गाउँपालिका | ६ | |
| | | | रोहीणी गाउँपालिका | ७ | |
| | | | सम्मरीमाई गाउँपालिका | ७ | |
| | | | सियारी गाउँपालिका | ७ | |
| | | | सुद्धोधन गाउँपालिका | ७ | |
| १७ | कपिलवस्तु | १० | कपिलवस्तु नगरपालिका | १२ | १० |
| | | | बुद्धभूमि नगरपालिका | १० | |
| | | | शिवराज नगरपालिका | ११ | |
| | | | महाराजगञ्ज नगरपालिका | ११ | |
| | | | कृष्णनगर नगरपालिका | १२ | |
| | | | बाणगंगा नगरपालिका | ११ | |
| | | | मायादेवी गाउँपालिका | ८ | |
| | | | यसोधरा गाउँपालिका | ८ | |
| | | | शुद्धोधन गाउँपालिका | ६ | |
| | | | विजयनगर गाउँपालिका | ७ | |
| १८ | दाङ्ग | १० | तुलसीपुर उप-महानगरपालिका | १९ | १० |
| | | | घोराही उप-महानगरपालिका | १९ | |
| | | | लमही नगरपालिका | ९ | |
| | | | बंगलाचुली गाउँपालिका | ८ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | दंगीशरण गाउँपालिका | ७ | |
| | | | गढवा गाउँपालिका | ८ | |
| | | | राजपुर गाउँपालिका | ७ | |
| | | | राप्ती गाउँपालिका | ९ | |
| | | | शान्तिनगर गाउँपालिका | ७ | |
| | | | बबई गाउँपालिका | ७ | |
| १९ | बाँके | ८ | नेपालगञ्ज उप-महानगरपालिका | २३ | ८ |
| | | | कोहलपुर नगरपालिका | १५ | |
| | | | नरैनापुर गाउँपालिका | ६ | |
| | | | राप्तीसोनारी गाउँपालिका | ९ | |
| | | | बैजनाथ गाउँपालिका | ८ | |
| | | | खजुरा गाउँपालिका | ८ | |
| | | | डुडुवा गाउँपालिका | ६ | |
| | | | जानकी गाउँपालिका | ६ | |
| २० | बर्दिया | ८ | गुलरिया नगरपालिका | १२ | ८ |
| | | | मधुवन नगरपालिका | ९ | |
| | | | राजापुर नगरपालिका | १० | |
| | | | ठाकुरबाबा नगरपालिका | ९ | |
| | | | बाँसगढी नगरपालिका | ९ | |
| | | | बारबर्दिया नगरपालिका | ११ | |
| | | | बढैयाताल गाउँपालिका | ९ | |
| | | | गेरुवा गाउँपालिका | ६ | |
| २१ | कैलाली | १३ | धनगढी उप-महानगरपालिका | १९ | १३ |
| | | | टीकापुर नगरपालिका | ९ | |
| | | | घोडाघोडी नगरपालिका | १२ | |
| | | | लम्किचुहा नगरपालिका | १० | |
| | | | भजनी नगरपालिका | ९ | |
| | | | गोदावरी नगरपालिका | १२ | |
| | | | गौरीगंगा नगरपालिका | ११ | |
| | | | जानकी गाउँपालिका | ९ | |
| | | | बर्दगोरिया गाउँपालिका | ६ | |
| | | | मोहन्याल गाउँपालिका | ७ | |
| | | | कैलारी गाउँपालिका | ९ | |
| | | | जोसीपुर गाउँपालिका | ७ | |

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका/नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | चुरे गाउँपालिका | ६ | |
| २२ | कञ्चनपुर | ९ | भीमदत्त नगरपालिका | १९ | ९ |
| | | | पुनर्वास नगरपालिका | ११ | |
| | | | वेदकोट नगरपालिका | १० | |
| | | | माहाकाली नगरपालिका | १० | |
| | | | शुक्लाफाँटा नगरपालिका | १२ | |
| | | | बेलौरी नगरपालिका | १० | |
| | | | कृष्णपुर नगरपालिका | ९ | |
| | | | बेलडाँडी गाउँपालिका | ५ | |
| | | | लालझाडी गाउँपालिका | ६ | |
| जम्मा वडा संख्या | | | | २६७७ | ७७७ |

अनुसूची-२

(निर्देशिकाको दफा ७ को उपदफा (२) को खण्ड (झ) संग सम्बन्धित)

## तराई-मधेश समृद्धि कार्यक्रम अर्न्तगत सञ्चालित तालिममा सहभागि हुने जातजाती

| क.स | जात/जाती | क.स | जात/जाती |
|---|---|---|---|
| १ | थारु | २ | चमार/हरिजन/राम |
| ३ | कोइरी/कुशवाहा | ४ | धानुक |
| ५ | सन्यासी/दशनामी | ६ | मुसहर |
| ७ | दुसाद/पासवान/पासी | ८ | केवट |
| ९ | कठवनिया | १० | मल्लाह |
| ११ | हजाम/ठाकुर | १२ | लोहार |
| १३ | तत्मा/तत्व | १४ | खत्वे |

| | | | |
|---|---|---|---|
| १५ | धोवी | १६ | नुनिया / लोनिया |
| १७ | कुम्हार / कोहार | १८ | बढई |
| १९ | सन्थाल / सतार | २० | धागर / झागँड |
| २१ | बाँतर | २२ | बरई |
| २३ | कहार | २४ | गनगाई |
| २५ | लोध | २६ | राजभर |
| २७ | भेडिहार | २८ | चिडियार |
| २९ | माली | ३० | डोम |
| ३१ | किसान | ३२ | धुनिया |
| ३३ | मुण्डा | ३४ | पथरकट्टा / कुशबाडिया |
| ३५ | नटुवा | ३६ | धन्कार / धरीकार |
| ३७ | कोरी | ३८ | सरवरिया |

| | | | |
|---|---|---|---|
| ३९ | धिमाल | ४० | मेचे |
| ४१ | माझी | ४२ | दनुवार |
| ४३ | अमात | ४४ | राजवंशी |
| ४५ | सोनार | | |
| मुसलमानका | | | |
| ४६ | इराकी | ४७ | फकिर |
| ४८ | अन्सारी/ज्वलाहा | ४९ | मन्सुरी |
| ५० | कवाडी,रायन,सब्जीफरोस | ५१ | मिकरानी |
| ५२ | जट | ५३ | गद्दी |
| ५४ | तेली | ५५ | धोबी |
| ५६ | दजी | ५७ | लेहरी/चुरीहार |
| ५८ | रङ्गरगेज | ५९ | हजाम/नाउ |

| | | | |
|---|---|---|---|
| ६० | गुज्जर | ६१ | कसाव/कुरैसी |
| ६२ | डफाली | ६३ | बंजारा |
| ६४ | धरिकार | ६५ | नट/नटुवा |
| ६६ | तुर्क | | |

## अनुसूची-३
(निर्देशिकाको दफा ८(१) संग सम्बन्धित)

# आयोजना कार्यक्रम माग फारम

१ आ.व. :-
२ महानगर/उप-महानगर/नगर/गाउँ पालिकाको नाम :-
३ जिल्ला :-
४ प्रदेश :-

| क.स | प्रस्तावित आयोजना/ कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं.समेत) | आयोजना क्षेत्र* | भौतिक लक्ष्य परिमाणमा | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि | आयोजनाबाट लाभान्वित जनसंख्या | डि.पि.आर/ ल.ई भए/ नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम १०%) | कूल लागत | | | | |
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | |

* क्षेत्र भन्नाले (क) सामूहिक आवास भवन (ख) साना सडक स्तरोन्नति कार्यक्रम (ग) सामुदायिक पूर्वाधार (घ) कृषि विकास (ङ) खानेपानी तथा सरसफाई (च) सिँचाइ तथा नदी नियन्त्रण (छ) उर्जा (ज) विपद् न्यूनीकरण पूर्वाधार (झ) पारम्पारिक पेशा प्रवर्धनात्मक एंव आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम बमोजिमको कार्य उल्लेख गर्ने

माग एवं सिफारिस गर्नेको
नाम :-
दरखास्त :-
छाप :-
मिति :-

## अनुसूची-४
### निर्देशिकाको दफा-१० को खण्ड 'ख' संग सम्बन्धित
### ........मासिक/चौमासिक/वार्षिक प्रगति प्रतिवेदन

१ आ.व. :-
२ बजेट उपशिर्षक:
३ मन्त्रालय :- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
४ कार्यक्रमको नाम :- तराई-मधेश समृद्धि कार्यक्रम
५ स्थानीय तह:-
६ आयोजना प्रमुखको नाम:-
७ श्रमदिन :-

८ स्वीकृत रकम :-
९ निकासा भएको रकम :-
१० प्राप्त हुन बाँकी रकम : -
११ आयोजना सम्झौता मिति :-
१२ आयोजना सम्पन्न हुने मिति :-
१३ आयोजना सम्पन्न भएको मिति :-

| क्र.सं. | सञ्चालित आयोजना/कार्यक्रमको नाम | श्रोत | | | कर्यक्रम सञ्चालन प्रकृया | | | इकाई | ......... लक्ष्य | | | .......... प्रगति | | | यस ......... अवधिसम्मको खर्च | | लाभान्वित समुदाय/जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केन्द्रीय अनुदान रकम | स्थानीय तह लागत साझेदारी | कुल रकम | उपभोक्ता समिति | ठेक्का | अन्य | | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | | |
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | |

..............................
योजना शाखा प्रमुख

..............................
आर्थिक प्रशासन शाखा प्रमुख

..............................
कार्यालय प्रमुख

**वार्षिक लक्ष्य र प्रगति उल्लेख गर्दा आयोजनाको क्षेत्रगत परिमाणात्मक उपलब्धी अनिवार्य उल्लेख गर्ने**

क सामुहिक आवस भवन :- घर/वटा
ख सामुदायिक पुर्वाधार :-वटा/तल्ला
ग सडक :- कि.मि/मिटर
घ कृषि विकास :- सख्या
ङ खानेपानि तथा सरसफाई :- मिटर
च सिँचाई तथा नदि नियन्त्रण :-मिटर
छ उर्जा :-मि/वटा
ज विपद न्यूनिकरण :-वटा
झ) पारम्पारिक पेशा प्रवर्धनात्मक एंव आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम :- सख्या